धनगढी उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकूद महाशाखा

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२६७२९
Email : edu.dhangadi@gmail.com
website : dhangadhimun.gov.np

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०८१/८२
च.नं. :- ४४७

मिति :- २०८२।०१।२२

**विषय: विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीको बैंक खाता खोल्ने सम्बन्धमा।**

श्री सामुदायिक विद्यालय सबै,
धनगढी उपमहानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ मा सार्वजनिक विद्यालयको कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीले भरेको PMT फारमाका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र संख्या २०८१।०८२, च.नं. १५१ मिति २०८२।०१।१५ गतेको पत्रानुसार विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीको नामावली प्रकाशन भएको र सो विवरणमा नाम भएका विद्यार्थीहरुको आ-आफ्नो पायक पर्ने बैंक शाखामा मिति २०८२ जेठ पहिलो हप्ता भित्र खाता खोल्न लगाई सम्बन्धित विद्यालयले सो विवरण अनलाइन EMIS मा प्रविष्ट गरीगराई गराउने। सम्बन्धित विद्यालयले मिति २०८२।२।१५ गतेभित्र शिक्षा,युवा तथा खेलकुद महाशाखामा जानकारी गराउन हुन अनुरोध छ। साथै विपन्न लक्षित छात्रवृति कक्षा ६ र ९ मा छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरुको विवरण यसैसाथ संलग्न गरीएको छ। यस सम्बन्धमा तपसिल बमोजिम गर्न गराउन हुन समेत अनुरोध छ।

जयराज जोशी
शिक्षा अधिकृत

**तपसिल:-**

१. शैक्षिक सत्र २०८१ मा कक्षा ५ मा फाराम भरी छनौट भएका विद्यार्थीहरु शैक्षिक सत्र २०८२ मा नियमित रुपमा कक्षा ६ मा सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका ( कक्षा ६ का प्रथम क्वाइन्टाइलमा परेका सबै छात्रछात्रा) भए सो यकिन गरी निजहरुको बैंक खोल्न लगाउने।

२. शैक्षिक सत्र २०८१ मा कक्षा ८ मा फाराम भरी छनौट भएका विद्यार्थीहरु शैक्षिक सत्र २०८२ मा नियमित रुपमा कक्षा ९ मा सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका ( कक्षा ९ का साधारण धारको भए प्रथम क्वाइन्टाइलमा परेका सबै छात्रछात्रा) भए सो यकिन गरी निजहरुको बैंक खोल्न लगाउने।

३. शैक्षिक सत्र २०८१ मा कक्षा ८ मा फाराम भरी छनौट भएका विद्यार्थीहरु शैक्षिक सत्र २०८२ मा नियमित रुपमा कक्षा ९ मा सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका (कक्षा ९ को प्राविधिक धारको भए दोस्रो क्वाइन्टाइलमा परेका सबै छात्रछात्रा समेत) भए सो यकिन गरी निजहरुको बैंक खोल्न लगाउने।

**बोधार्थ:-**

श्रीमान नगर प्रमुखज्यू :- जानकारीका लागि सादर अनुरोध छ।
श्रीमान नगर उपप्रमुखज्यू :- जानकारीका लागि सादर अनुरोध छ।
श्री सुचना तथा प्रविधि शाखा :- यो सुचना वेभसाईट तथा फेसबुक पेजमा अपलोड गरीदिन हुन।

Scanned with CamScanner